नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अपूर्ण लेबुल विवरण भएको प्र.पिउने पानी उत्पादन/विक्री वितरण ।**

**मि.नं.-५९९ दायर मितिः- २०८१/०३/०२**

**फैसला मितिः- २०८१/०३/१३**

**वादी**

**खा.नि.सुरेश कुमार सिंहको प्रतिवेदनले नेपाल सरकार.........................१**

**प्रतिवादी**

**पर्सा जिल्ला वीरगंज म.न.पा.वडा नं.१२ मा अवस्थित गंगोत्री पियोर ड्रिङ्किङ्ग वाटरका सञ्चालक श्री गिरजा देवी................१**

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. बजार निरीक्षणको क्रममा खाद्य पदार्थ संकेत अ-६५ राखी प्र.पिउने पानीको जारको नमूना संकलन अनुसूची २ भरेको मुचुल्का
२. विश्लेषण परीक्षण नमुना अनुसूची ४ जिल्ला प्रशासन कार्यालय, पर्सा समेतमा पठाईएको ।
३. सा.वि. ज्यूबाट गुणस्तर मापदण्ड भित्र नपरेको भनी कैफियत उल्लेख भएको
४. अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान साविती बयान ।
५. मुद्दा चल्ले वा नचल्ने निर्णयको लागि जि.स.व.का., पर्सामा पेश हुँदा मुद्दा चल्ले भई मिति २०८१/०२/२७ मा निर्णय भएको ।
६. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।
७. स्थलगत अनुगमन प्रतिवेदन ।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०२।०८ गते जिल्ला पर्सा वीरगंज महानगरपालिका वडा नं.१२ मा अवस्थित गंगोत्री पियोर ड्रिङ्किङ्ग वाटर उद्योगबाट उत्पादित गंगोत्री पियोर ड्रिङ्किङ्ग वाटर ब्राण्डको (उत्पादन मिति, ब्याच नम्बर र उपभोग्य मिति उल्लेख नभएको) प्रशोधित पिउने पानीको जार २ विश्लेषण परीक्षणको लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, जनकपुरधाममा पठाएकोमा उक्त पानीको नमूनामा नेपाल सरकारले खाद्य पदार्थ प्रशोधित पिउने पानीको लागि अनिवार्य मापदण्ड विपरीत रहेको भन्ने विश्लेषण प्रतिवेदन तथा घटनास्थल विवरण, प्रतिवादीले अधिकारी प्राप्त अनुसन्धान अधिकारी समक्ष गरेको साविति बयान, घटनास्थल विवरण कागज, स्थलगत अनुगमन प्रतिवेदन तथा यस कार्यालयमा उपस्थित भई गरेको साविती बयानका आधारमा यी प्रतिवादीले खाद्य ऐन, २०२३ को दफा ४(ख) बमोजिम कसुर गरेको ठहर्छ । प्रतिवादी गिरजा देवीलाई खाद्य ऐन, २०२३ को दफा ४(ख) बमोजिम कसुर अपराधमा सोही ऐनको दफा ५(२) बमोजिम रु.१०,०००/- अक्षरेपी दस हजार मात्र जरिवाना हुने ठहर्छ । अन्यमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए ।

**तपसिल खण्ड**

१. माथि इन्साफ खण्डमा लेखिए बमोजिम खाद्य ऐन, २०२३ को दफा ४(ख) बमोजिम कसुर अपराधमा सोही ऐनको दफा ५(२) बमोजिम प्रतिवादी गिरजा देवीलाई ठहरेको जरिवानाको हकमा रकम रु.१००००/- असूल उपर गर्नु --- -----------------१
२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्यादिनु-१
३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------------१
४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**दिनेश सागर भुसाल**
**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ असार महिना १३ गते विहीवार रोज ५/ ने.सं. ११४४ तछलागा षष्ठी, शुभम् ........